छथर जोरपाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोरपाटी, धनकुटा।

## **प्रगति प्रतिवेदन २०७५**

छथर जोरपाटी गाउँपालिका,

जोरपाटी, धनकुटा।

छथर जोरपाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोरपाटी, धनकुटा ।

## छथर जोरपाटी गाउँपालिकाको परिचय

छथरजोरपाटी गाउँपालिकाको नामाकरण छथर र जोरपाटी दुईवटा शब्दबाट भएको छ । यहाँ छथरको अर्थ छवटा थर भएका लिम्बूहरुको बसोबास क्षेत्र भन्ने बुझिन्छ । यसैगरी लडाईं थाम्यो भन्ने अर्थमा थंगथरुबाट छथर भएको पनि बताइन्छ । यस्तै एकीकरण पछि पूर्वी नेपाललाई विभिन्न भागमा विभाजन गर्ने क्रममा लिम्बूवानलाई पल्लो किरात नामकरण गरिएको थियो । पछि राणा कालमा कर असूल्नका लागि पूर्वी नेपाललाई विभिन्न थुममा विभाजन गरिएको देखिन्छ । यसमा विभिन्न १७ वटा डाँडाका १७ थुम थिए भने ६ वटा डाँडाको समूह छथुम थियो । यही ६ थुमबाट छथर बनेको मानिन्छ । यहाँ छथरको अर्थ तेह्रथुमको पश्चिमी भागका साथमा धनकुटाका मध्यपूर्व देखि मध्यपश्चिम सम्मका विभिन्न गाउँहरु भन्ने बुझिन्छ । धनकुटाका यही छथरभित्रका तेलिया, तांखुवा, हात्तिखर्क र परेवादिन गाउँविकास समितिलाई मिलाएर छथर जोरपाटी गाउँ बनाइएको छ ।

जोरपाटीको मतलव दुईवटाको समूहमा रहेका पाटी या यात्री बस्ने घर भन्ने हुन्छ । अघि परेवादिन, तांखुवा र हात्तिखर्कको अग्लो डाँडाबाट मानिसहरु पैदल हिंड्ने गर्दथे । यसका लागि यात्रीलाई बाटामा ओत लाग्न र वास बस्नका लागि पाटीहरु बनाइएका हुन्थे । यसै क्रममा धनकुटाको तांखुवाको माथिल्लो भाग वा डाँडामाथि दुईवटा पाटीहरु एकै ठाउँमा कुनै भक्तले बनाएका थिए । तसर्थ उक्त स्थानलाई जोरपाटी भनिएको हो । यता उक्त स्थान छथरभित्र पर्ने हुनाले यस गाउँपालिकाको नामकरण छथर जोरपाटी गरिएको हो । लिम्बूवानको पुरानो थलोका रुपमा छथर जोरपाटी गाउँपालिका प्रख्यात छ । कोशी राजमार्गमा पर्ने तथा विभिन्न व्यापारिक केन्द्रहरु समेत रहेको यो गाउँपालिका नगदे बालीका साथमा सागसब्जी र दुग्ध उत्पादनका लागि पूर्वको निकै महत्वपूर्ण क्षेत्र मानिन्छ ।

## अवस्थिति

धनकुटाको मध्यपूर्वी भागमा पर्ने छथरजोरपाटी गाउँपालिका नक्सामा हेर्दा अंग्रेजीको उल्टो सी आकारमा रहेको देखिन्छ । यो गाउँपालिका तेलिया, परेवादिन, तांखुवा र हात्तिखर्क गाविसका सवै वडाहरू मिलाएर वि.सं. २०७३ सालमा पुनर्निर्माण गरिएको हो । गाउँपालिका निर्माणका क्रममा साविकको हात्तिखर्क गाविसका वडा नं. १ देखि ६ लाई वडा नं १, हात्तिखर्क गाविसकै वडा नं. ७ र ९ तथा तांखुवा गाविसको वडा नं. ८ र ९ लाई वडा नं. २ बनाइएको छ । यसैगरी तांखुवाका वडा नं. १ देखि ७ लाई वडा नं ३ तथा तेलियाका वडा नं. १ देखि ९ सम्मका वडाहरुलाई भने वडा नं. ४ कायम गरिएको छ । नयाँ संरचनामा परेवादिन गाविसको वडा नं. १, २, ३, ४, ८ र ९ लाई छथरजोरपाटीको वडा नं. ५ तथा परेवादिन गाविसकै ५, ६ र ७ नं. वडालाई यसको वडा नं. ६ बनाइएको हो । यसरी यी चारवटा गाविसलाई मिलाएर छथरजोरपाटी गाउँपालिका बनाईएको हो । यसरी यस गाउँपालिकामा जम्मा ६ वटा वडाहरू रहेका छन् ।

## सिमाना

छथरजोरपाटी गाउँपालिका धनकुटाको मध्यपूर्वी भागमा पर्दछ । यस गाउँपालिकाले पूर्वतिरबाट तेह्रथुम जिल्लालाई छोएको छ । यस गाउँपालिकाको सिमाना दक्षिण चौविसे र साँगुरीगढी गाउँपालिका पर्दछन् । यी गाउँपालिकालाई तमोरले सिमानाको काम गरेको छ । यसको पूर्वमा भने तेह्रथुमलाई तेलिया खोलाले छुट्याएको छ । यस गाउँपालिकाको पश्चिममा धनकुटाका धनकुटा र पाख्रीवास नगरपालिका र उत्तरमा धनकुटाकै महालक्ष्मी नगरपालिका पर्दछन् । समुद्र सतहबाट करिव झन्डै २५ सय मिटर सम्मको उचाईमा रहेको यो गाउँपालिकाको सवै क्षेत्र भाग पहाडी भागमा पर्दछ । यस गाउँपालिकाको भू-उपयोगको अवस्थामा अधिकांश भुभाग वन, भीर र पाखोले ओगटेको छ ।

## क्षेत्रफल

छथरजोरपाटी गाउँपालिकाको क्षेत्रफल १०२.८३ ब.कि.मी. रहेको छ । यसको धेरै भूभाग पहाड, भीर र पाखाले ढाकेको छ । यसको उत्तरतिर अग्लो पहाडी भाग पर्दछ । पटेकडाँडा यसको सवैभन्दा अग्लो पहाड हो, जसको उचाई

समुद्र सतहदेखि करिव २५०० मिटर रहेको छ । यस पहाडको केही भाग तेह्रथुम र संखुवासभातर्फ पनि पर्दछ । धनकुटाको छथरजोरपाटी गाउँपालिकातिर भने यसको दक्षिणपश्चिमी भाग पर्दछ ।

तालिका १: वडा अनुसार जनसंख्या र घरधुरी संख्या

| | १ | २ | ३ | ४ | ५ | ६ | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| घरधुरी संख्या | ७७६ | ७७७ | ५६२ | ४०७ | ६८५ | ६६८ | ३८७५ |
| जनसँख्या | ३६३२ | ३४१४ | २५५७ | १९१५ | ३३४४ | ३३१५ | १८१७७ |
| औसत परीवार संख्या | ४.७ | ४.४ | ४.५ | ४.७ | ४.९ | ४.९ | ४.७ |

स्रोतः गाउँ प्रोफाइल, २०७५

घरघुरी अनुसारको वर्गीकरण

| | १ | २ | ३ | ४ | ५ | ६ | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| **जातीयता** | | | | | | | |
| ब्राह्मण / क्षेत्री / ठकुरी / सन्यासी | २३६ | १२१ | १२७ | ६२ | १५७ | ३९५ | १०९८ |
| पहाडी जनजाती | ४८२ | ६३१ | ३८९ | २७७ | ५०० | २६१ | २५४० |
| पहाडी दलित | ५८ | २५ | ४६ | ६८ | २८ | १२ | २३७ |
| **जात अनुसार वर्गीकरण** | | | | | | | |
| लिम्बु | ३७२ | ६६ | ३२० | १९१ | ४१४ | ३२ | १३९५ |
| ब्राह्मण /छेत्री | २३६ | १२१ | १२७ | ६२ | १५७ | ३९५ | १०९८ |
| मगर | ६४ | ४९४ | | | २ | ४० | ६०० |
| दलित | ५८ | २५ | ४६ | ६८ | २८ | १२ | २३७ |
| तामांग | ४२ | २ | १ | ६६ | २४ | ३६ | १७१ |
| नेवार | २ | | १६ | २ | २६ | ६५ | १११ |
| शेर्पा | | २१ | | | २६ | ३२ | ७९ |
| भुजेल | | ८ | ४५ | १२ | | २ | ६७ |
| गुरुंग | | २७ | | | | २९ | ५६ |
| राइ | २ | २ | ७ | ५ | ८ | २४ | ४८ |
| सुनुवार | | ११ | | | | | ११ |
| अन्य | | | | १ | | १ | २ |
| **जम्मा घरधुरी संख्या** | ७७६ | ७७७ | ५६२ | ४०७ | ६८५ | ६६८ | ३८७५ |

स्रोतः गाउँ प्रोफाइल, २०७५

**तालीका मातृ भाषाः**

| **मातृ भाषा** | १ | २ | ३ | ४ | ५ | ६ | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| नेपाली | ६१४ | २६३ | २२३ | २७८ | १९६ | ६२० | २१९४ |
| लिम्वु | ९६ | ५४ | ३१९ | १२२ | ४०५ | ८ | १००४ |
| मगर | ५२ | ४६० | ० | ० | २ | १६ | ५३० |
| तामांग | १२ | ० | ० | ७ | २३ | ४ | ४६ |
| शेर्पा | ० | ० | ० | ० | २५ | १७ | ४२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नेवारी | २ | ० | १३ | ० | १८ | २ | ३५ |
| राई | ० | ० | ७ | ० | ८ | १ | १६ |
| **जम्मा घरधुरी संख्या** | ७७६ | ७७७ | ५६२ | ४०७ | ६८५ | ६६८ | ३८७५ |

जानसांख्यीक वर्गीकरण (सवै परीवारका सदस्यहरुको अनुसार)

| | १ | २ | ३ | ४ | ५ | ६ | Total |
|---|---|---|---|---|---|---|---|
| **लिंग अनुसारको वर्गीकरण** | | | | | | | |
| पुरुष | १८८२ | १७२८ | १२९५ | १००० | १६९६ | १६७४ | ९२७५ |
| महिला | १७५० | १६८६ | १२६२ | ९१५ | १६४८ | १६४१ | ८९०२ |
| जम्मा जनसख्या | ३६३२ | ३४१४ | २५५७ | १९१५ | ३३४४ | ३३१५ | १८१७७ |
| **लिङ्ग अनुसार वर्गीकरण** | | | | | | | |
| **धर्म** | | | | | | | |
| हिन्दु | १९१० | ९०० | ११२१ | १३११ | १५३७ | २६३१ | ९४१० |
| बौद्ध | ५११ | २१०५ | ४ | १५९ | २४४ | ५४१ | ३५६४ |
| क्रिश्चियन | ८३ | ११५ | ७ | २२ | १३२ | १३१ | ४९० |
| किरात | ११२८ | २९४ | १४२५ | ४२३ | १४३१ | १२ | ४७१३ |
| **शैक्षिकस्तर** | | | | | | | |
| पुर्व प्राथमिक | ९३ | १०७ | ५८ | ४१ | ११४ | ८३ | ४९६ |
| आधारभुत तह | १५४२ | १४५९ | ७९१ | १०२१ | १६३३ | १०२४ | ७४७० |
| माध्यामिक तह | ७५३ | २३२ | ८७० | ११२ | ४४९ | ८८२ | ३२९८ |
| स्नातक तह | १०१ | ४३ | ४७ | ३४ | ३८ | ९९ | ३६२ |
| स्नातकोत्तर | १८ | १२ | ७ | ५ | १२ | ४३ | ९७ |
| एम फिल वा विध्यावारीधि | ० | ० | ० | ० | २ | ४ | ६ |
| प्राविधिक एलएलसी | ० | ० | ४ | ० | ३ | ९ | १६ |
| साधारण लेखपढ (साक्षर) | ५४५ | ९३५ | ४७६ | ३८४ | ५२६ | ७२४ | ३५९० |
| लेखपढ गर्न नसक्ने (निरक्षर) | ३७७ | ४१७ | १९० | २१२ | ३६९ | २९२ | १८५७ |

स्रोतः गाउँ प्रोफाइल, २०७५

## प्रगति प्रतिवेदन-२०७५

**आन्तरिक आयः**

- अनुमानित २०७५।०७६ - रु. ७५,००,०००।- (रुपैयाँ पचहत्तर लाख मात्र)
- उठेको रकम फागुन २० सम्म - रु. २५,२०,४१०।- (रुपैयाँ पच्चीस लाख बीस हजार चार सय दश मात्र)

**विनियोजनः**

- चालु तर्फः रु.१७,४२,१०,०००।- (रुपैयाँ सत्र करोड बयालीस लाख दश हजार मात्र)
- पूँजिगत तर्फः रु.१०,९८,२५,०००।- (रुपैयाँ दश करोड अन्ठान्नबे लाख पच्चीस हजार मात्र)
- जम्मा विनियोजनः रु.२८,४०,३५,०००।-(अठ्ठाइस करोड चालीस लाख पैतीस हजार मात्र)

**खर्चः**

- चालु तर्फ- रु. १०,९३,५३,४४०।- ( रुपैयाँ दश करोड तिरान्नबे लाख त्रिपन्न हजार चार सय चालीस मात्र)
- पूँजिगत तर्फ- रु. २,३८,४८,५८३।- (रुपैयाँ दुई करोड अठ्तिस लाख अठ्चालीस हजार पाँच सय त्रिपन्न मात्र)

क्षेत्रगत खर्च विवरणः

| सि.नं. | शिर्षक | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | आर्थिक विकास<br>(५ वटा उपशिर्षक) (कृषि तथा पशु, उद्योग तथा पर्यटन, सहकारी, वित्तिय क्षेत्र आदी) | १,५६,४९,०००।- | २२,०५,३०१।- | २३.०३% |
| २. | सामाजिक विकास ( ६ वटा उपशिर्षक) (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सांस्कृतिक प्रवर्द्धन, खेलकुद तथा मनोरञ्जन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १२,४०,१६,०००।- | ५,९३,६६,२७७।- | ६७% |
| ३. | पूर्वाधार विकास (५ वटा उपशिर्षक) | ६,६४,९२,०००।- | २,२९,६१,१५५।- | २२% |
| ४. | वातावरण तथा विपद् व्यवस्थापन ( ५ वटा उपशिर्षक) | ३६,७६,०००।- | ५,५०,०००।- | ४७% |
| ५. | संस्थागत विकास, सेवा प्रवाह र सुशासन ( १३ वटा उपशिर्षक) | ७,४२,०२,०००।- | ४,०४,९००।- | ६०% |

**सडक तर्फः**

| आ.व. २०७४।०७५ | | | आ.व. २०७५।०७६ फागुन सम्म | | | कूल |
|---|---|---|---|---|---|---|
| १. | सडक पक्की/पिच | १८० मि. | १. | सडक पक्की थप | ९० मि. | २७० मि. |
| २. | सडक ग्राभेल | १५१२८ मि. | २. | सडक ग्राभेल थप | १५१७ मि. | १६६४५ मि. |
| ३. | सडक सोलिङ | २४२५ मि. | ३. | सडक सोलिङ थप | १६२९.२ मि. | ४०५४.२ मि. |
| ४. | सडक मर्मत, चौडाई बढाउने | ३७३०३ मि. | ४. | सडक मर्मत थप | १९८०१ मि. | ५७१०५ मि. |
| ५. | सडक ट्र्याक खोल्ने | १७७७६ मि. | ५. | सडक ट्र्याक खोल्ने थप | १६२७ मि. | १९४०३ मि. |

**गाउँपालिकाको शाखाबद्ध रुपमाः**

| सि.नं. | विवरण | कैफियत |
|---|---|---|
| | **ऐन नियम, कार्यविधि निर्माण** | |
| १. | आर्थिक ऐन, दोस्रो संशोधन, २०७५ | |
| २. | विनियोजन ऐन, २०७५ | |
| ३. | प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ | |
| ४. | शिक्षा ऐन, २०७५ | |
| ५. | सहकारी ऐन, २०७५ | |
| ६. | स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ | |
| ७. | राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०७५ | |
| ८. | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि, २०७५ | |
| ९. | उपभोक्ता समिति गठन, संचालन व्यवस्थापन कार्यविधि, २०७५ | |
| १० | समूह, समिति गठन तथा व्यस्थापन कार्यविधि, २०७५ | |
| ११ | मर्मत संभार कोष सञ्चालन कार्यविधि, २०७५ | |
| १२ | विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ | |
| १३ | शिक्षक नियुक्ति पदपुर्ती व्यवस्थापन कार्यविधि, २०७५ | |
| १४ | अपाङ्गता भएको व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ | |
| १५ | बैठक सञ्चालन सम्बन्धी कार्यविधि,२०७४ | |
| १६ | गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ | |
| १७ | टोल विकास संस्था गठन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ | |
| १८ | युवा लक्षित अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ | |
| १९ | घर नक्सा पास कार्यविधि, २०७४ | |

| | | |
|---|---|---|
| २० | ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७४ | |
| २१ | कृषि शाखा अन्तर्गत संचालित कार्यक्रम संचालन निर्देशिका, २०७५ | |
| २२ | सार्वजनिक निजी साझेदारी योजना संचालन तथा व्यवस्थापन निर्देशिक, २०७५ | |
| २३ | आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी सामान्य मापदण्ड, २०७५ | |
| २४ | भवन निर्माण मापदण्ड, २०७४ | |
| २५ | गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ | |
| २६ | गाउँ कार्यपालिका कार्य विभाजन नियमावली, २०७४ | |
| | **योजना तथा कार्यक्रम शाखा** | |
| १. | जम्मा योजना संख्या | १३३ |
| २. | सम्पन्न भएको योजना संख्या | ४५ |
| | **न्यायिक समिति अन्तर्गत** | |
| १. | न्यायिक समितिमा प्राप्त उजुरी | ३५ |
| २. | फछर्यौट गरिएका उजुरी संख्या | ३० |
| | **भुकम्प पुनर्निर्माण अन्तर्गत** | |
| १. | लाभग्राही संख्या (पूर्ण क्षति तर्फ) | ३८२ |
| २. | लाभग्राही सम्झौता संख्या (पूर्ण क्षति तर्फ) | ३५२ |
| ३. | लाभग्राही संख्या (प्रवलिकरण तर्फ) | ५५ |
| ४. | सम्झौता भएको संख्या (प्रवलिकरण तर्फ) | २५ |
| ५. | पहिलो किस्ता पाउने संख्या | ३७० |
| ६. | दोस्रो किस्ता पाउने संख्या | २६८ |
| ७. | तेस्रो किस्ता पाउने संख्या | १४७ |
| | **अन्य** | |
| १. | वि.व्य.स. गठन (स्थानीय शिक्षा ऐन बमोजिम) | २६ |
| २. | कृतृम गर्भाधान (गाई भैंसी) | ४९५ |
| ३. | पशु बीमा १५४ पशु बराबर | १२४ |
| ४. | जेष्ठ नागरिक परिचय पत्र वितरण | ५४० |
| | | |

## हाल सम्म गरिएका विभिन्न कार्यहरुको विवरण:

१. एकीकृत सम्पत्ती तथा नगदी कर कम्प्युटर प्रणालीबाट वडा कार्यालयहरुमा समेत सञ्चालन भइरहेको।
२. न्यायिक समितिबाट ३५ उजुरी मध्ये ३० उजुरी व्यवस्थापन फछर्यौट।
३. महत्त्वपूर्ण निर्णयहरु पारित गर्दै गाउँपालिकाको ४४ औं बैठक सम्पन्न भएको।
४. वडा कार्यालय तथा गाउँपालिकालाई वालमैत्री बनाउनको लागि आधारस्तम्भ तयार गरिएको।
५. विषयगत शाखाहरु स्थापना भएको।
६. सामाजिक सुरक्षा भत्ता सबै वडाबाट वितरणको व्यवस्था गरिएको(साविकमा वैंकिङ प्रणाली रहेको)।
७. गा.पा./ वडा / स्वास्थ्य चौकी समेतको लागि करिब ३७ रोपनी जग्गा विभिन्न स्थानमा निःशुल्क प्राप्त भएको।
८. शहरी योजना तथा भवन निर्माण सम्बन्धी मार्गदर्शन अनुरुप भवन/घर को नक्सा पास गर्ने काम थालनी गरिएको Right of way को नियम कार्यान्वयन गरिएको।
९. ग्रामीण सडकहरुलाई मर्मत सम्भार गरी स्तरोन्नती गर्दै नियमित सवारी चल्न सक्ने बनाउन प्रयत्न जारी रहेको।
१०. वेरुजु प्रथा अन्त्य गर्न पेश्की- शुन्य अभियान थालनी गरी कामको आधारमा भूक्तानी (Running Bill) वमोजिम भूक्तानी व्यवस्था मिलाइएको छ।
११. संचालित योजना/आयोजनाहरुको निरन्तर अनुगमन गर्ने व्यस्था मिलाइएको।

१२.ल्याण्डफिल्ड साइटको पहिचान गरी गत २०७४ साल कार्तिक २९ गते देखी बजार क्षेत्रको फोहोरमैला ल्याण्डफिल्ड साइटमा पुर्याउन शुरु गरिएको ।

१३.गा.पा. भवन निर्माण गर्न रु. ३,७२,००,०००।-(रुपैयाँ तीन करोड बहत्तर लाख मात्र) मा ठेक्का सम्झौता भईसकेको ।

१४.गाउँपालिकाको आवधिक विकास योजना तयारी अन्तिम चरणमा रहेको ।

१५.२ नं. वडा कार्यालय भवन निर्माण गर्न जि.स.स.धनकुटाबाट समपूरक अनुदान प्राप्त हुने सुनिश्चितता भएको ।

१६.जोरपाटी-चुलाचुली-काजीमाने सडक कालोपात्रे गर्न अर्थ मन्त्रालयबाट बजेट प्राप्त हुने सुनिश्चितता भएको ।

१७.मोबाइल एप्लिकेशन प्रयोग गरी गाउँपालिकाको प्रोफाइल तयार भएको ।

१८.आ.व. २०७५।०७६ को लागि सरोकारवालाहरुसँग छलफल गरी स्थानीय दर रेट निर्धारण गरिएको ।

१९.१ पिक अप गाडी र २ वटा मोटरसाइकल खरिद गरिएको ।

२०.७ वटा ऐन (शिक्षा/स्वास्थ्य/ पूर्वाधार व्यवस्थापन / सहकारी/आर्थिक ऐन/ विनियोजन ऐन/ प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन र १९ वटा कार्यविधि तथा नियमावलीहरु निर्माण गरी कार्यान्वयनमा रहेको ।

२१.वार्षिक खरिद योजना पारित गरी क र्य गरिएको ।

२२.मुख्य ३ वटा सडक र १ बौद्ध विहारको DPR गरिएको ।

२३.सिंधुवा बजार, जोरपाटी बजार र चुलाचुली बजारमा डस्टविनको व्यवस्था गरिएको ।

२४.समूदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सरसफाई, वडा, टोल समिति गठन गरिएको ।

२५.स्थानीय विपद् व्यवस्थापन गठन गरी विपद् प्रतिकार्य योजना निर्माण भैरहेको, विपदमा परेका ३ जनालाई विपद् व्यवस्थापन कोष मार्फत राहत र सहयोग प्रदान गरिएको ।

२६.५ वर्षे उद्यम विकास योजना निर्माणको चरणमा रहेको ।

२७.जेष्ठ नगरिक परिचय पत्र र अपाङ्ग परिचय पत्र वितरण गर्न थालिएको ।

२८. H.T. १०० वटा र L.T. १७५ वटा फलामे विद्युत पोल ल्याई वितरण गरिएको ।

२९. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, युवा दिवस, अपाङ्ग दिवस, शिक्षा दिवस, बाल दिवस, अल्जाइमर दिवस, जेष्ठ नागरिक दिवस, निजामति दिवस, अन्तर्राष्ट्रिय महिला दिवस, संविधान दिवस, स्वास्थ्य स्वयं सेविका दिवस जस्ता विभिन्न कार्यक्रम सम्पन्न गरिएको ।

३०.प्रहरी चौकी सिंधुवाको भवन र सामुदायिक भवन ठेक्का लाग्ने अन्तिम चरणमा रहेको । २ नं. वडा कार्यालयको भवनको ठेक्का सूचना प्रकाशन गरिएको ।

३१.हलहले देखि पटेक डाँडा सम्मको सिढी निर्माणको कार्य प्रारम्भ भैसकेको ।

३२.आ.व. २०७४।०७५ मा आर्थिक विकास तर्फ पशुपालन तथा फर्म प्रवर्द्धन कार्यक्रम मार्फत ८ वटा गाई फर्म, ६ वटा बाख्रा फर्म, ८ वटा बंगुर फर्म, १८ वटा कुखुरा फर्म, २ वटा दुग्ध सहकारी संस्थालई अनुदान वितरण गरिएको ।

३३. ३८ वटा कृषि समुह/सहकारीका १७० जना कृषकलाई ५० प्रतिशत अनुदानमा १८०० मटर बीउ वितरण गरिएको ।

३४.१० वटा कृषक समुहलाई ५० प्रतिशत अनुदानमा टनेल वितरण गरिएको ।

३५.विद्यालयहरुमा विद्युतीय हाजिरी व्यवस्थापन गरिएको ।

३६.कक्षा-८ को गा.पा. स्तरीय परीक्षालाई राष्ट्रिय स्तरको मापदण्ड बमोजिम सम्पन्न गर्न गत आ.व. बाट सुरु गरियो ।

३७.भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी डकर्मी तालिम गत आ.व.मा नै २ चरणहरुमा दिई सकिएको छ ।

३८.सार्वजनिक विद्यालयहरुमा अध्ययन गर्ने नर्सरी र के.जी. कक्षामा वालबालिकाहरुलाई निःशुल्क पाठ्यपुस्तक र दैनिक दिवा खाजाको व्यवस्थापन गरिएको ।

३९.छथर जोरपाटी गाउँपालिकाका सबै सार्वजनिक र पर्ति जग्गाको लागत व्यवस्थापन गाउँ खेलकुद विकास समिति मार्फत कार्यक्रम सञ्चालन भएको ।

४०.घरेलु कार्यालयहरुको समन्वय र साझेदारीमा शिपमूलक तालिमहरु सञ्चालन भइरहेको ।

४१.विशेष विद्यार्थी भर्ना अभियान सञ्चालन गरी २०७५ साल भाद्र १० गते धनकुटा जिल्लाको पहिलो देश भरिको आठौं स्थानमा विद्यालय उमेरका बालबालिका विद्यालय बाहिर नरहेको घोषणा गरिएको ।

४२.शैक्षिक गुणस्तर कायम गर्न विद्यालयका प्रधानाध्यापकहरुसँग गाउँपालिकाद्वारा कार्य सम्पादन करार सम्झौता गरिएको।

४३.स्थानीय शिक्षा ऐन वमोजिम विद्यालय व्यवस्थापन समिति गठन भैसकेको, करार शिक्षक नियुक्तिको लागि सूची प्रकाशन गरिएको, दरवन्दी मिलान अन्तिम चरणमा पुगेको, प्रस्तावित विद्यालय तथा प्रारम्भिक कक्षाको लागि दरबन्दी सिर्जना गरिएको।

४४.प्राविधिक तथा व्यवसायिक शिक्षाको कक्षा सञ्चालनको लागि २ वटा (चुलाचुली र सरस्वती मा.वि. सिंधुवा) लाई अनुमति तथा सिफारिस गरिएको।

४५.विद्यालयको ४ कोठे ३ वटा भवन र २ कोठे भवन निर्माणाधिन रहेको।

४६.उपभोक्ता अनुशिक्षण, मेलमिलाप तालिम, करदाता अनुशिक्षण गरिएको।

४७.महिला समुहका सदस्यहरुलाई ५ दिने लेखापालन सम्बन्धी तालिम सञ्चालन भएको।

४८.गा.पा.बाट निःशुल्क ओषधीहरु समयमै वितरणको व्यवस्थापन गरिएको।

४९.बजेट निर्माण गर्दा शिक्षा, स्वास्थ्य र आय आर्जनको क्षेत्रमा लगानी गरिएको।

५०.वडा नं. ५ मा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको।

५१.पोषण सप्ताह सम्पन्न गरिएको।

५२.स्तनपान सप्ताह सम्पन्न गरिएको।

५३.F.I.P.V सम्बन्धी गोष्ठि सम्पन्न गरिएको।

५४.छयरोग सम्बन्धी प्रथम चौमासिक गोष्ठी समापन गरिएको।

५५.स्वास्थ्यकर्मीहरुका लागि HMIS सम्बन्धी तालिम दिइएको।

५६. १५ औं FCHV day मा पोशाक भत्ता तथा चोलो कपडा वितरण गरिएको।

५७.RRT तथा प्रकोपजन्य रोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिएको।

५८.स्तरीय उपचार छति (STP) सम्नब्धी तालिम दिइएको।

५९.स्वास्थ्यकर्मीहरुलाई साथी शिक्षा (Peer Group) तालिम दिइएको।

६०.LAB तथा गाउँघर क्लिनिक र बर्थिङ सेन्टर व्यवस्थापनको लागि औषधी तथा सर सामान खरिद गरिएको।

६१.जेष्ठ नागरिक घरदैलो उपचार कार्यक्रम मार्फत २७३ जना ७५ वर्ष भन्दा माथीका जेष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको।

६२.किशोर किशोरी कार्यक्रम अन्तर्गत महिनावारी स्वास्थ्य व्यवस्थापनको लागि चुलाचुली मा.वि. तांखुवामा ४०० वटा सेनिटरी प्याड वितरण कार्यक्रम गरिएको।

६३.February महिना लाई आयोडिन महिनाको रुपमा मनाईयो।

६४.वर्थिङ सेन्टरहरुमा २४ घण्टे अ.न.मि. को व्यवस्थापन गरिएको।

६५.गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न ल्याव सेवा संचालन (सिंधुवा र तांखुवा -चुलाचुली) मा

६६.आम हात्तिपाईले रोग विरुद्धको औषधी खुवाउने कार्यक्रम गरी लगभग १२५०० जनालाई औषधी खुवाइएको।